# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ८) पाङुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल असार २४ गते २०८२ (संख्या १**

## भाग १

## वैतेश्वर गाउँपालिकाको सहकारी ऐन २०७५, (दोस्रो संसोधन २०८२)

**(गाउँ सभाबाट पारित)**

(सभाबाट स्वीकृत मिति : २०८२/०३/१६)

**संसोधनार्थ थप गरिएका दफा, उपदफा तथा खण्डहरु:**

१) परिच्छेद- १ को दफा २ मा खण्ड **ब** र **भ** थप गरिएको छ

**ब)** "सहकारी व्यवस्थापन समिति" भन्नाले ऐनको दफा ३८क. बमोजिम गठित सहकारी क्षेत्रको प्रवर्द्धन, नियमन र विकासका लागि कार्य गर्न गठित समिति सम्झनु पर्दछ ।

**भ)** "सहकारी समन्वय समिति (सञ्जाल)" भन्नाले ऐनको दफा ३८ख. बमोजिम गठित गाउँपालिका भित्र सञ्चालित सहकारी संस्थाहरुलाई गाउँपालिकासँग समन्वय गरी संस्थाहरुको प्रवर्द्धन र विकासका लागि कार्य गर्ने समिति सम्झनु पर्दछ ।

२) परिच्छेद- २, दफा ९ को उपदफा ७, ८ र ९ लाई क्रमशः ४, ५ र ६ बनाई उपदफा ७ थपिएको छ ।

**(७) सेवा केन्द्र, बिक्री केन्द्र, डिपो र सम्पर्क कार्यालयः**गाउँपालिकाभरि कार्यक्षेत्र कायम भएको संस्थाले व्यावसायिक योजना, औचित्य र आवश्यकताको आधारमा मुख्य कार्यालय बाहेक आवश्यकतानुसार सेवाकेन्द्र, बिक्रीकेन्द्र,डिपो वा सम्पर्क कार्यालय सञ्चालन गर्न

सक्नेछ ।यसरी स्थापना हुने कार्यालयको भौगोलिक दूरी संस्थाको मुख्य कार्यालयभन्दा कम्तीमा पाँच कि.मी.को दूरीमा कायम गर्नु पर्नेछ ।अन्तरपालिका कार्यक्षेत्र भएको संस्थाले सेवा केन्द्र, बिक्री केन्द्र, डिपो र सम्पर्क कार्यालय स्थापना गर्न चाहेमा यस गाउँपालिका भित्र सञ्चालित सहकारी संस्थासँग एकीकरण भएमा वा तोकिए बमोजिमको मापदण्ड र प्रक्रिया पुरा गरेमा अनुमति दिन सकिने छ ।

३) परिच्छेद- ६ को शीर्षकमा साधारण सभा, लेखा सुपरीवेक्षण समिति भएकोमा **सहकारी व्यवस्थापन समिति तथा सहकारी समन्वय समिति(सञ्जाल)** भन्ने शब्द थप गरि **साधारण सभा, लेखा सुपरीवेक्षण समिति, सहकारी व्यवस्थापन समिति तथा सहकारी समन्वय समिति(सञ्जाल)** बनाईएको छ ।

४) परिच्छेद- ६ मा दफा **३८ क र** दफा **३८ ख** थप गरिएको छ ।

**३८ (क). गाउँपालिका स्तरीय सहकारी व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः** (१) सहकारी क्षेत्रको विकास, व्यवस्थापन, प्रवर्द्धन र सम्वर्द्धन कार्यको लागि तोकिए बमोजिमको एक पालिका स्तरीय सहकारी व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**३८ (ख). गाउँपालिका स्तरीय सहकारी समन्वय समिति (सञ्जाल) सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाको कार्यक्षेत्र भित्र क्रियाशील सबै सहकारी संस्थाहरुको भेलाबाट तोकिए बमोजिमका व्यक्तिहरुको उपस्थितिमा बैठक बसी क्षेत्रगत प्रतिनिधित्व मिल्नेगरी १३ देखि १५ सदस्य एक सहकारी समन्वय समिति (सञ्जाल) गठन गर्न सकिनेछ । यसरी गठित समितिको कार्यकाल ४ वर्षको हुनेछ ।

(२) समन्वय समिति (सञ्जाल) को काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

५) परिच्छेद- १६, दफा ७१ को उपदफा **१ (क)** र **१ (ख)** थप गरिएको छ ।

**१ (क)** सहकारी संस्थाहरुको अनुगमन निरीक्षण गर्नका लागि गाउँपालिका स्तरमा तोकिए बमोजिमको एक अनुगमन तथा निरीक्षण समिति हुनेछ ।

**१ (ख)** अनुगमन निरीक्षण समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६) परिच्छेद- १९, दफा ७९ मा खण्ड **द** थप गरिएको छ ।

द) आर्थिक वर्ष शुरु भएको ३ महिना भित्र लेखापरीक्षण तथा ६ महिना भित्र साधारणसभा सम्पन्न नगराएमा ।

आज्ञाले
महेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत